जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ७४ २०७८ साल असोज २४ गते आइतबार (10 Oct. 2021 Sunday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : लगानी बोर्ड बैठक : ७३ अर्ब.. ३ पृष्ठमा : मन्त्रिमण्डल विस्तारमा ... ३ पृष्ठमा :राजनैतिक सङ्कट अन्त्यका लागि...

## अपाङ्गताहरूको अधिकारका सवालमा एकजुट हुनुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजबिराज, २३ असोज ।**

अपाङ्गता भएका ब्यक्तीहरूको सवालमा एकजुट हुनुपर्ने शनिबार राजविराजमा आयोजित एक कार्यक्रमका बक्ताहरूले जोड दिएका छन ।

सगरमाथा अपांग कल्याण, समाबेशी अपांग, बौद्धिक अपांगसहितका ७ वटा संस्थाहरूद्वारा वडा दशैको अवसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा सो कुरामा जोड दिएका हुन् ।

उक्त अबसरमा राष्ट्रिय अपांग महासंघका केन्द्रिय महासचिव राजु बस्नेतले अपांगताहरूको सवालमा सबै अपांगता भएका संघ संगठनहरू एकजुट हुनुपर्नेको विकल्प नरहेको बताए । उनले राष्ट्रिय जनगणनामा अपांगता भएका कुनै ब्यक्ती नछुटने गरी सबैलाई आ-आफ्नो ठाउवाट सहभागी हुन आग्रह समेत गरे ।

महासचिव बस्नेतले अपाङ्गताको सवालहरूलाई स्थानीय तहको योजना तथा कार्यक्रमहरूमा राष्ट्रिय अपाङ्ग महासंघ प्रयासरत रहेको दाबी गरे । सात वटै प्रदेशका स्थानीय पालिकाहरुका नीति, कानुन र विकासका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिका सवालहरूलाई समावेशीकरण गर्न र गराउने उद्देश्य अपाङ्गता समावेशी विकास कार्यक्रम गर्दै आएको उल्लेख गरे ।

समाबेशी अपांग संघ सप्तरीका अध्यक्ष सतिशचन्द्र झाको अध्यक्षतामा आयोजित कार्यक्रममा बौद्धिकता अभिभावक अपांग संघका अध्यक्ष जगदिश अर्याल, अपांग पुर्णस्थापन केन्द्रका अध्यक्ष शिव प्रसाद यादब, सगरमाथा अपांग कल्याण संघका उपाध्यक्ष उमेश कुमार चौधरी, सप्तरी दृष्टिबिहिन अपांगका अध्यक्ष चन्द्रशेखर झा, रामचन्द्र यादब लगायतले अपांगता भएका ब्यक्तीहरूको पहुँच र दिगो बिकासका लागी सबै एकजुट हुनुपर्नेमा जोड दिएका थिए ।

## छुट्टाछुट्टै दुर्घटनामा एक महिला र एक बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

सप्तरीमा शनिबार दुई छुट्टाछुट्टै दुर्घटनामा परि एक महिला र एक बालक गरि दुई जनाको मृत्यु भएको छ ।

पूर्वपश्चिम लोकमार्ग अन्तरगत सप्तरीको खडक नगरपालिका ६ ईन्द्रचौतारी चोकमा शनिबार बसको ठक्करबाट मोटरसाइकल पछाडी सवार एक महिलाको ज्यान गएको छ ।

पश्चिमबाट पुर्वतर्फ जादै गरेको प्र.२-०१-००१ प ०३३४ नं.को मोटरसाइकललाई सोही दिशातर्फ जादै गरेको बा.३ख. ९६९० नं. को बसले ठक्कर दिदा मोटरसाइकल पछाडी सवार सोही नगरपालिका ९ निवासी ३० वर्षिया गुल्लु खातुनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

ठक्करबाट घाईते भएकी खातुनलाई उपचारका लागी अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक मृतकका पति ३२ वर्षिय मो. कुदरस र निजका ५ वर्षिय छोरा मो. समद सामान्य घाईते भएका छन् ।

यता ठक्कर दिने बस र बस चालक दोलखा कालिन्चोक गाउँपालिका ४ निवासी ३३ वर्षिय नेत्र बहादुर थामीलाई प्रहरीले नियन्त्रमा लिई घट्ना सम्बन्धमा थप अनुसन्धान कार्य गरिरहेको जनाएको छ ।

यस्तै स्कारपियोको ठक्करबाट घाइते भएका एक बालकको उपचार हुन नसक्दा घर फर्किने क्रममा मृत्यु भएको छ ।

प्रहरीका अनुसार साउन १८ गते सप्तरीको रुपनी गाउँपालिका ६ स्थित पुर्वपश्चिम राजमार्गमा ना.२च. ३७५४ नम्बरको स्कारपियोले स्थानिय तुलसी चौधरीका १० वर्षिय छोरा सुशिल चौधरीलाई ठक्कर दिएको थियो ।

सो ठक्करबाट गम्भिर घाईते भएका बालक चौधरीको उपचार भइरहेको तथा सुधार नआएपछि अस्पतालका चिकित्सकले उपचार सम्भव नभएको भन्दै डिस्चार्ज गरिदिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

अस्पतालले डिस्चार्ज गरेपछि साउन २२ गते घाइते अवस्थामै घरतर्फ ल्याउने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

यता मृतकको शव कानुन अनुसार मुचुल्का उठाएको तथा पोष्टमार्टम समेतको भएको जनाउँदै प्रहरीले दुर्घटना गराउने गाडीलाई नियन्त्रणमा लिई घटना सम्बन्धी थप अनुसन्धान कार्य भइरहेको जनाएको छ ।

## दश लाख रकमसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, २३ असोज ।**

महोत्तरी जिल्लाको जलेश्वर-रौजा सडकखण्डमा पर्ने बजराही गाउँबाट शुक्रबार प्रहरीले स्रोत नखुलेको १० लाखभन्दा बढी रकमसहित दुई जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार जलेश्वर नगरपालिका-८ बजराही गाउँको भित्री सडकबाट नम्बर नबुझिएको ग्ल्यामर मोटरसाइकलमा जाँदै गरेको अवस्थामा रु १० लाख चार हजार ५०० सहित दुई

*बाँकी अन्तिम पृष्ठमा*

## भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति
बि. सं. २००३



स्व. शशिलता दत्त

स्वार्गारोहण
बि. सं. २०७८/६/१३

सामाजिक अभियन्ता, सक्रिय सञ्चारकर्मी तथा यस किवानिज क्लव अफ सप्तकोशी सप्तरीका संस्थापक उपाध्यक्ष सतिशकुमार दत्तकी ममतामयी माता **शशिलता दत्त**को स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

| | | | |
|---|---|---|---|
| भाष्कर ज्ञवाली | नवीन खतिवडा | नेत्रमणी पोखरेल (सन्तोष) | दीपेन्द्र भट्ट |
| अध्यक्ष | ल्यूटिनेन्ट गभर्नर | ल्यूटिनेन्ट गभर्नर | संस्थापक अध्यक्ष |
| किवानिज क्लव अफ लेटाङ | किवानिज इन्टरनेशनल डिभिजन १ | किवानिज इन्टरनेशनल डिभिजन २ | किवानिज क्लव अफ सप्तकोशी सप्तरी |

## सम्पादकीय

### सीमानाकामा सवारीसाधनमा रोकप्रति ध्यान पुगोस्

भारतीय भक्तजनहरु सप्तरीस्थित छिन्नमस्ता मन्दिर दर्शनका लागि नआउँदा यस पटकको दशैंमा पनि मन्दिर परिसर विगतको दुई वर्ष झैं सुनसान देखिएको छ । कोरोना महामारीका कारण झण्डै डेढ वर्षदेखी भारत नेपाल सीमा बन्द रहेको अवस्थामा एक हप्ता अघि मात्र नेपाल सरकारले सीमानाकामा सवारीसाधन आवतजावतका लागि अनुमति दिएको छ । यसअघि सीमानाकामा पैदल आवतजावतमा रोक थिएन् । नेपाल सरकारले गरेको निर्णयप्रति नेपाली पक्ष सकारात्मक रहेपनि भारतीय पक्षले भने अनुदारता देखाएका छन् ।

सीमा सुरक्षाका लागि खटिएका भारतीय सुरक्षाकर्मीहरुले सीमानाकाबाट सवारीसाधन आजतजावतका लागि माथिल्लो निकायबाट कुनै जानकारी नआएको भन्दै दुबैतर्फको सवारीसाधन आवतजावतमा रोक लगाएका छन् । यसरी एउटा राष्ट्रको सरकारले सीमानाका खुल्ला गर्नु र अर्को राष्ट्रको सरकारले उक्त निर्णयप्रति अनभिज्ञता प्रकट गर्नु भनेको दुई राष्ट्रबीचको पराष्ट्र समन्वय फितलो हुनु हो । छिन्नमस्ता मन्दिर भारतीय सीमानाकासँगै जोडिएको छ । दशकौंदेखी खुल्ला सीमानाका तथा छिमेकीका कारण भारतीयहरु यस मन्दिरमा दिनहुँजसो पूजा गर्न आउने गरेका छन् । तर, दशैं जस्तो पर्वमा भारतीय पक्षले सवारीसाधन आवतजावतमा रोक लगाएर धार्मिक, साँस्कृति तथा पर्यटन क्षेत्रमा आघात पुऱ्याएको छ ।

तसर्थ यस समस्याको समाधानका लागि दुबै राष्ट्रले मातहातका निकायमा समन्वय गरेर सवारीसाधन आवतजावतलाई धार्मिक परियोजनका लागि खुल्ला गर्न पहल गर्नु आवश्यक छ ।

# लगानी बोर्ड बैठक : ७३ अर्ब बराबरको लगानी स्वीकृति

काठमाडौँ, २३ असोज (रासस) । ठूला परियोजनाको संयोजन र व्यवस्थापन गर्दै आएको लगानी बोर्डले रु ७३ अर्ब बराबरको लगानी स्वीकृत गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको बोर्डको बैठकले दुईवटा जलविद्युत् परियोजनको निर्माण तथा विकासका लागि लगानी स्वीकृति तथा पूँजी वृद्धि गर्न अनुमति प्रदान गऱ्यो ।

लगानी स्वीकृति हुनेमा करिब रु १० अर्ब ५० करोड लागत रहने ५६ मेगावाट क्षमताको जुमखोला जलविद्युत् आयोजना रहेको छ । सो आयोजना दोलखा जिल्लामा रहेको छ । माथिल्लो तामाकोसीको बाँधस्थल लामाबगरभन्दा माथिल्लो तटमा रहने सो आयोजना निजी क्षेत्रले प्रवर्द्धन गर्न लागेको छ ।

त्यस्तै सङ्खुवासभा जिल्लामा हाल निर्माणको चरणमा रहेको ९०० मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् परियोजनामा थप रु ६२ अर्ब २६ करोड बराबरको पूँजी वृद्धिको प्रस्तावलाई पनि बैठकले स्वीकृति प्रदान गरेको बोर्डका प्रवक्ता सुरेन्द्र पौडेलले जानकारी दिनुभयो ।

**माथिल्लो कर्णालीको अध्ययन गर्न समिति**

भारतीय लगानीकर्ता कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जिएमआर)ले प्रवर्द्धन गर्ने भनिएको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाका सन्दर्भमा कुनै पनि प्रगति नभएपछि सरकारले एक अध्ययन समिति गठन गरेको छ ।

कूल ९०० मेगावाट क्षमताको सो आयोजनाको सन्दर्भमा पछिल्ला दिनमा कुनै पनि प्रगति भएको छैन । लगानीकर्ता कम्पनी जिएमआरले बङ्गलादेश सरकारसँग विद्युत् खरिद सम्झौता गरेको बताए पनि आयोजनास्थलमा कुनै काम भएको छैन । आयोजना विकास सम्झौता (पिडिए) भएको सात वर्षभन्दा बढी समय भए पनि कुनै प्रगति नभएपछि आयोजनामा अन्योलता सिर्जना भएको छ । प्रवर्द्धक कम्पनीले ५०० मेगावाट बिजुली बङ्गलादेशलाई बिक्री गर्ने जनाए पनि काम नहुँदा थप जटिलता पैदा भएको छ ।

बोर्ड बैठकले परियोजनाको पछिल्लो अवस्थाको अध्ययन गरी ४५ दिनभित्र सुझावसहितको प्रतिवेदन बोर्डसमक्ष पेश गर्न निर्देशन दिएको छ । त्यसका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा एक उच्चस्तरीय अध्ययन समिति गठन गरिएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।

समितिमा अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत र एक विज्ञ सदस्य रहेका छन् भने लगानी बोर्ड कार्यालयका सहसचिव सदस्यसचिवको रूपमा रहेका छन् ।

बैठकले लगानी बोर्डको आव २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ । यस्तै सम्राट सिमेन्ट र माथिल्लो त्रिशूली-१ जलविद्युत् परियोजनाको सेयर खरिद बिक्री सम्झौता स्वीकृत गर्नेलगायत निर्णय गरेको छ । बैठकमा प्रधानमन्त्री एवम बोर्ड अध्यक्ष शेरबहादुर देउवाले विद्युत् खपत वृद्धि गर्नेसम्बन्धी दीर्घकालीन योजना तय गर्दै लगानीको वातावरण बनाउन र छिटोछरितोरूपमा कार्यसम्पादन गर्न सबै निकायलाई निर्देशन दिनुभयो ।

बैठकमा अघिल्लो बोर्ड बैठकले निर्देश गरेबमोजिम परियोजना तथा संस्थागत विकासका सम्बन्धमा भएका प्रगति र लगानी बोर्डको कार्यालयले अगाडि बढाएका गतिविधिको बारेमा प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले जानकारी गराउनुभएको थियो ।

बैठकमा अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष जनार्दन शर्मा, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गजेन्द्रबहादुर हमाल, वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादव, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेल, मुख्यसचिव शङ्करदास बैरागी, बोर्डका विज्ञ सदस्य हरिभक्त शर्मा, भवानी राणा, राजेशकाजी श्रेष्ठलगायत सरकारका उच्चपदस्थ अधिकारीको उपस्थिति थियो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

मंगलमय शुभकामना
२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

चन्द्रशेखर चौधरी
अध्यक्ष
राजविराज १, सप्तरी

मंगलमय शुभकामना
२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

समिर झा
अध्यक्ष
राजविराज ५, सप्तरी

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

# मन्त्रिमण्डल विस्तारमा न्यायलयलाई भागबण्डा गरियो भन्नु गलत : अध्यक्ष दाहाल

चितवन, २३ असोज (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रिमण्डल विस्तारमा न्यायलयलाई भागबण्डा गरियो भन्नु गलत भएको बताउनुभएको छ।

शनिबार यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले गजेन्द्र हमाललाई कांग्रेसको कोटाबाट मन्त्री बनाइएको बताउनुभएको हो। अध्यक्ष दाहालले यो विषयमा होहल्ला गर्नु आवश्यक नरहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "कांग्रेसको आफ्नै मान्छे हो, आफ्नै कोटामा ल्याइसकेपछि यता हो र त्यता हो भन्नुको कुनै तुक छैन।" सांसद नभएको व्यक्तिलाई मन्त्री बनाउन मिल्ने व्यवस्था संविधानमै भएको उल्लेख गर्दै उहाँले सांसद नभएका व्यक्तिलाई छ महिनासम्म मन्त्री बनाउने व्यवस्था संविधानमै छ भन्नुभयो।

"यसभन्दा अगाडि पनि सांसद नभएका व्यक्तिलाई मन्त्री बनाइने गरेको छ", उहाँले भन्नुभयो, "यो नयाँ कुरा होइन।" अध्यक्ष दाहालले पहिलो पटक प्रतिनिधिसभाको विघटन हुँदा सेटिङसेटिङ भन्ने चर्चा भएको उल्लेख गर्दै मानिसलाई त्यही भन्न मन लागेर भनेका होलान, तर यहाँ सेटिङ छैन भन्नुभयो।

"सरकार कोभिडविरुद्धको खोपको व्यवस्थापन गर्नमा लागेको छ", उहाँले भन्नुभयो, "जनताको जीवनरक्षा गर्ने सरकारको पहिलो प्राथमिकता हुन्छ।" अध्यक्ष दाहालले आफूहरूले सुरुदेखि नै खोपखोप भन्दै आएको बताउँदै खोपको व्यवस्थापन र जनतालाई राहत दिने कुरा प्राथमिकतामा पर्ने धारणा राख्नुभयो। उहाँले विकास निर्माणसँग सम्बन्धित कुरालाई अगाडि बढाउने र थाती रहेका विधेयकलाई अगाडि बढाउने कुरा पनि सरकारको प्राथमिकतामा पर्ने जानकारी दिनुभयो।

लिपुलेक, कालापानी, लिम्पियाधुराको विषय हिजो पनि केपीको कर्म नभएर आफूहरूको कर्म भएको बताउँदै उहाँले भन्नुभयो, "लिम्पियाधुरा, कालापानीको विषय उठाएर संसद्मा लानुपर्छ भन्ने हामी थियौँ। अहिले पनि सरकारको साझा नीति कार्यक्रममा समावेश गरेका छौँ।"

अध्यक्ष दाहालले राष्ट्रिय सहमति र परिमार्जनविना एमसिसी पास नहुने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "राष्ट्रिय सहमति र परिमार्जनविना यो पास हुन सक्दैन।" संसद् अवरुद्ध गर्ने नैतिक र राजनीतिक अधिकार प्रतिपक्षलाई नरहेको बताउँदै अध्यक्ष दाहालले भन्नुभयो, "पटकपटक संसद् विघटन गर्नेलाई विरोध छ भने जनतामा गए भयो।" संसद् अवरोधमा कुनै तर्क र तथ्य नरहेको बताउनुभयो।

फरक प्रसङ्गमा अध्यक्ष दाहालले आगामी निर्वाचनमा चितवन जस्तो जिल्लामा गठनबन्धन भएर जाने बताउनुभयो। उहाँले भन्नुभयो, "चितवन जस्तो जिल्लामा हामी समझदारीका साथ निर्वाचनमा जान्छौं।"


मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



प्रेमकुमार यादव
अध्यक्ष
राजविराज ६, सप्तरी



मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



आतेशकुमार सिंह
प्रमुख, बोदेबरसाईन नगरपालिका



मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



हेमन्त कुमार बहङखेर
अध्यक्ष, तिरहुत गाउँपालिका



हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार


## विश्व समाचार

### राजनैतिक सङ्कट अन्त्यका लागि अफगान नागरिक समाजको आह्वान

पन्जशिर, अफगानिस्तान, २३ असोज (रासस/एएनआई)।

अफगान नागरिक समाजका प्रतिनिधिले पार्टीलाई लडाइँ रोक्न र वार्ता तालिकामा फर्कन आह्वान गरेका छन्।

मध्यअफगानिस्तानमा संयुक्त राष्ट्र सङ्घको सहकार्यमा सञ्चालिते कार्यक्रमको श्रृङ्खलामा खासगरी पन्जशीर, परवान र कपिसा प्रान्तका धार्मिक संस्था, नागरिक समाज, महिला परिषद्लगायतका क्षेत्रमा प्रतिनिधित्व गर्ने वक्ताले हिंसा, सशस्त्र द्वन्द्व र ज्यान गुमाउनुको कुनै औचित्य नरहेकोमा जोड दिएका हुन्। उनीहरुले सबै अफगानीको हित शान्ति वार्ताको केन्द्रमा हुनुपर्ने बताए।

अफगान अधिकारकर्मी शय्या महराबानले भन्नुभयो, "महिला र युवा अफगान युद्धबाट बढी पीडित बनेकाले अब यो समूह नै युद्धको विपक्षमा हुने बहसमा अग्रसर हुनुपर्छ।"

"युवाले एक अर्कालाई विश्वस्त पार्नुपर्छ कि युद्ध यसको समाधान होइन। हामी सबै दुःख भोगिरहेका छौँ र युद्धमा मारिएका छौँ। युवाबीचको बैमनस्यता रोकिएमा युद्ध अवश्य टुङ्गिन्छ।"

कापिसा प्रान्तीय परिषद्का पूर्वसदस्य नजिबुल्लाह रहिमीले युद्धलाई शारिया र अन्तरराष्ट्रिय कानूनले निषेध गरेकोले युद्ध अन्त्य गन अबको पहिलो काम भएको बताउनुभयो। उहाँले भन्नुभयो, "युद्ध रोक्न आफ्नो भूमिका निर्वाह गर्नु हरेक अफगानको धार्मिक र नैतिक जिम्मेवारी हो।"

अफगानीले लामो समय युद्धमा बिताउनु परेको छ अब पनि युद्ध भए यसलाई अफगानी नागरिकले सहन सक्ने छैनन्।"

अर्का वक्ता शर्मिला वेगीले तर्क र शान्तिपूर्ण माध्यमद्वारा एकअर्काको विचारलाई सहनु र आदर गर्नु महत्वपूर्ण छ भनी जोड दिनुभयो।"

उहाँले अब अफगानिस्तानमा शान्तिको विकल्प नभएको भन्दै सबै जातीय, धार्मिक र क्षेत्रीय मतभेदलाई वार्ताद्वारा सम्बोधन गरी युद्ध अन्त्य गर्नु देश र जनताको हितमा हुने बताउनुभयो।

अफगान महिला अधिकारकर्मी रोया सावेतले "युद्धले हाम्रो व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा नराम्रो असर पारेको र खासगरी महिलाका लागि बढी कष्टकर बनाएको स्मरण गर्नुभयो।

युद्धरत पक्षलाई एक अर्कालाई आक्रमण गर्ने काम रोकी नयाँ र समृद्ध अफगानिस्तान निर्माणमा जुट्न रोया सवेतले आग्रह गर्नुभयो।

उक्त कार्यक्रममा पन्जशिरका धार्मिक विद्वान मौलावी अहमदुल्ला हाशेमिनाजादले भन्नुभयो, अफगानिस्तानका जनताले विश्वकै सबैभन्दा लामोमध्येको एक युद्ध लडेको र यसका कारण अफगानिस्तानले ठूलो क्षति व्यहोरेको बताउँदै अब पनि अफगानिस्तानमा युद्ध जारी रहनु दुर्भाग्य हुने बताउनुभयो।

विभिन्न संस्था र मानवअधिकार तथा प्रवुद्ध व्यक्तिसँग सहकार्य गरेको युएनएले सुविधा सम्पन्न रेडियो श्रृङ्खलाको आयोजना तथा प्रशारण गरेको हो।

### जर्मनीका विद्यालय सामान्य अवस्थामा फर्किने

बर्लिन, २३ असोज (रासस/सिन्ह्वा)।

जर्मनीका विद्यालय अब चाडै नै सामान्य अवस्थामा फर्किने भएका छन्। देशभरका सबै विद्यालयमा अब पूर्ववत अवस्थामा झै अध्ययन अध्यापनको कार्य हुने सरकारी उच्च अधिकारीले जानकारी दिएका छन्।

कोरोनाभाइरसको डेल्टा भेरिएन्ट फैलिएपनि विद्यालय सञ्चालन गर्ने तयारी भइरहेको शिक्षा तथा संस्कृति मामिला मन्त्रीले शुक्रबार बताउनुभयो। "कोरोनाभाइरसको महामारी र अध्ययन अध्यापन कार्यका बीचमा तालमेल मिलाएर लैजानुपर्ने भएको छ, लामो समयसम्म यस्तै अवस्था गराइरहन सकिँदैन," उहाँले भन्नुभयो।

उहाँले विद्यार्थीको कोरोना परीक्षण पनि तीव्र र निरन्तररुपमा भइरहेको पनि जानकारी दिनुभयो। देशमै पहिलो पटक सरल्याण्ड प्रदेशका विद्यालयमा गत हप्ता नै प्रतिबन्धात्मक व्यवस्था खुकुलो बनाइएको छ।

त्यसैगरी बाभारीया र बर्लिनमा पनि मास्क लगाउनु पर्नेलगायतका केही मापदण्ड पालना गरी अन्य कुरामा सजिलो बनाइएको छ। जर्मनीमा अहिले दैनिक औसतमा ३००का दरले कोरोनाभाइरसबाट नयाँ सङ्क्रमित हुने गरेको सरकारी अधिकारीले जनाएका छन्।

### भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या सात महिनापछिकै सबैभन्दा कम

नयाँदिल्ली, २३ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा पुनःकमी आएको छ। अघिल्लो दिन २१ हजार नयाँ सङ्क्रमित थपिएकोमा पछिल्लो २४ घण्टामा १९ हजार ७४० जना नयाँ सङ्क्रमित थपिएका हुन्। केन्द्रीय स्वास्थ्य मन्त्रालयले भारतमा पछिल्ला केही दिनदेखि दैनिक औसतमा २० हजार नयाँ सङ्क्रमित थपिने गरेको जनाएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या पनि सात महिना पछिकै सबैभन्दा कम रहेको अधिकारीहरुले जानकारी दिएका छन्।

उनीहरुका अनुसार भारतमा अहिले दुई लाख ३६ हजार ६४३ जना सक्रिय सङ्क्रमित रहेका छन्। अघिल्लो दिन भने दुई लाख ४० हजार २२१ जना रहेको मन्त्रालयका अधिकारीले जनाएका थिए। भारतमा पछिल्लो समयमा दैनिक सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढ्दै गइरहेको र नयाँ थपिने सङ्क्रमितको सङ्ख्या घट्दै गएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या पनि कम हुदै गएको हो। पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या २३ हजार ७० रहेको छ। यो सङ्ख्या सोही अवधिमा नयाँ सङ्क्रमितभन्दा झण्डै चार हजार बढी हो।

भारतमा अहिलेसम्म तीन करोड ३२ लाख ४८ हजार २९१ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भइसकेका छन्। गत शुक्रबार १२ लाख ६९ हजार २९१ जनाको कोरोना परीक्षण गरिएको छ भने अहिलेसम्म कुल ५८ करोड १३ लाख १२ हजार ४८१ जनाको परीक्षण गरिएको मन्त्रालयले जनाएको छ।

# जसपा अध्यक्ष उपेन्द्र यादवबिरुद्ध आफ्नै कार्यकर्ताले गरे प्रदर्शन



**दैनिक समाचारदाता**
**बिरगंज, २३ असोज ।**

पर्साका सांसद प्रदीप यादवलाई मन्त्री नबनाएको विरोधमा जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवविरुद्ध पार्टीकै असन्तुष्ट पक्षले शनिबार दिउँसो बिरगंजमा प्रदर्शन गरेको छ ।

सांसद यादवनिकट नेता-कार्यकर्ताहरूले कालो झन्डासहित मोटरसाइकल जुलुस निकालेका हुन् । जुलुसमा सहभागीले अध्यक्ष यादवविरुद्ध चर्को नाराबाजी गरेका थिए । सांसद प्रदीपका कार्यकर्ताले उपेन्द्र यादवलाई वीरगन्जमा प्रवेश गर्न नदिने चेतावनी पनि दिएका छन् ।

मोटरसाइकल जुलुस घण्टाघर चोकमा पुगेपछि उपेन्द्र यादवको पुतला दहन गरिएको थियो । शुक्रबार जसपाबाट केन्द्रीय सरकारमा चारजना मन्त्रीले शपथ लिएका थिए । सांसद प्रदीपको योगदानको कदर नभएको समर्थकहरूको भनाइ छ ।

## *दश लाख रकम ...*

जनालाई पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा जिल्लाकै मनरासिस्वा नगरपालिका-५ बस्ने मोटरसाइकल चालक ३४ वर्षीय दिपेन्द्रकुमार साह र सोही मोटरसाइकलमा पछाडि सवार भङ्गहा नगरपालिका-७ बस्ने १८ वर्षीया विन्दाकुमारी साह रहेका छन् ।

रकम बोकी दुवै जना मनरासिस्वा नगरपालिका-५ कटैया गाउँबाट धनुषाको जनकपुर जाँदै गरेको अवस्थामा प्रदेश नं २ प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको प्रहरी टोलीले संयुक्तरूपमा जलेश्वर-८ स्थित बजराही गाउँको भित्री सडकमा जाँच गर्दा उनीहरु रकमसहित पक्राउ परेका हुन् ।

पक्राउ परेका दुवैलाई रकमसहित नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय महोत्तरीमा ल्याइएको छ । उनीहरुमाथि आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# सात सय ६० संक्रमित, ८ सय ९९ निको

काठमाडौँ, २३ असोज (रासस) ।

विगत २४ घण्टामा ७६० जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १२ हजार ३१ जनामा कोरोना परीक्षण गर्दा ७६० जनामा संक्रमण देखिएको हो ।

शनिबार थपिएकासँगै देशभर सक्रिय संक्रमित १५ हजार ३४० रहेका छन् । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला आठ र २०० भन्दा बढी संक्रमित भएका जिल्ला २० छन् । पाँच सयभन्दा बढी संक्रमित हुने जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की र रुपन्देही छन् ।

पछिल्लो २४ घण्टामा ८९९ जना संक्रमणबाट निको भएका छन् । शनिबारसँगै अहिलेसम्म संक्रमणमुक्त हुने सात लाख ७५ हजार ७२ पुगेका छन् । नेपालमा संक्रमणमुक्त हुने दर ९६.७ प्रतिशत छ ।

यस्तै संक्रमणबाट पछिल्लो २४ घण्टामा ११ जनाको ज्यान गएको छ । अहिलेसम्म संक्रमणबाट ११ हजार २२१ जनाको निधन भइसकेको छ । हाल देशभर ३१७ सघन उपचारकक्ष (आइसीयू), ११३ भेन्टिलेटर, १४ हजार १६८ होम आइसोलेशन, एक हजार १७२ संस्थागत आइसोलेशन र २३६ जना क्वारेन्टिनमा छन् ।

शनिबार ९० हजार ९९३ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । अहिलेसम्म पहिलो मात्रा ८१ लाख २७ हजार २६२ र पूर्ण मात्रा ६४ लाख ४६ हजार ९५७ जनाले लगाइसकेको मन्त्रालयले जनाएको छ ।


## मंगलमय शुभकामना

हिन्दुहरुको महान पर्व २०७८ को वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**राजविराज ८, परिवार**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**जयनारायण मण्डल**
**अध्यक्ष**
**राजविराज ८, सप्तरी**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**शम्भु प्रसाद यादव (लाली)**
**अध्यक्ष**
**राजविराज ९, मलेठ, सप्तरी**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**माँगिलाल नाई**
**अध्यक्ष**
**राजविराज ७, सप्तरी**

## हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*